नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

(प्रबन्ध महाशाखा, हल्चोक, काठमाण्डौ)

## राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.

(APP/NCB/R/01/2079/080)

सूचना प्रकाशन मिति: २०७९/०७/०४ गते।

१. पशु स्वास्थ्य डग हैण्डलर उपशाखा, स.प्र.बल, नेपाल प्र.का.बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०७९ साल माघ १ गते देखि २०८० साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि डग राशन सामाग्रीहरु e-bidding को माध्यमबाट आपूर्ति व्यवस्था गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

२. खरिद गरिने डग राशन सामाग्रीहरुको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

३. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट डग राशन सामाग्रीहरु खरिद सम्बन्धी e-bidding को कार्य हुनेछ। उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन।

४. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ।

५. Pre Bid Meeting मिति २०७९/०७/२४ गते १३:०० बजे यस कार्यालयमा राखिएको छ।

६. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं.११०००१०२०३०००० ख २-३ यस कार्यालयको कोड नं. ३१४०५३५०७ मा रु.१,४०,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ।

७. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु मिति २०७९/०८/०५ गते १२:०० बजे भित्र www.bolpatra.gov.np./egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ।

८. e-submission भएका बोलपत्रहरु मिति २०७९/०८/०५ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा प्रबन्ध महाशाखामा खोलिने छ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

९. बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन।

१०. प्रि.बिड मिटिङ/बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ।

११. बोलपत्रदाताले बोलपत्र फाराममा कबोल अंक उल्लेख गर्दा आईटमवाईज तोकिएको इकाईमा मु.अ.कर बाहेकको दररेट केरमेट नगरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ।

१२. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१३. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन।

१४. डग राशन सामाग्रीहरु आपूर्ति गर्ने करार अवधि भर कुनै किसिमको मूल्य बृद्धि दिईने छैन।

१५. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१६. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको बोलपत्र सम्वन्धी निर्देशन बमोजिम हुनेछ।

१७. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ। साथै विस्तृत सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र www.ppmo.gov.np मा समेत हेर्न सकिने छ।